# ECHO OF HIS CALL

ECHO OF HIS CALL SINCE 1969 — 1969 to 2029

# बोलावटको प्रतिध्वनि

NEPALI

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 MARCH | No. 03


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।

**भजनसंग्रह ४:१-८**

१. हे धार्मिक परमेश्वर, मेरा रक्षक । मैले पुकार गर्दा मलाई जवाफ दिनुहोस् । सङ्कष्टमा पर्दा मलाई आश्रय दिनुहोस् । ममाथि अनुग्रह गर्नुहोस् ।

२. हे मानिस हो, तिमीहरू मेरो महिमालाई कहिलेसम्म लाजमा परिवर्तन गर्नेछौ ? कहिलेसम्म तिमीहरू व्यर्थका कुराहरू रुचाउनेछौ र असत्य देवताहरूको पछि लाग्नेछौ ? सेला

३. तिमीहरूलाई थाहा होस्, परमप्रभुले भक्तजनहरूलाई आफ्नो निम्ति छुट्ट्याउनुभएको छ । मैले पुकार गर्दा परमप्रभुले सुन्नुहुन्छ ।

४. रीसमा पर्दा पाप नगर । ओछ्यानमा सुत्दा आ-आफ्नो हृदयभित्र तलाश गर र शान्त रहो । सेला

५. उचित बलिदानहरू चढाओ र परमप्रभुमा भरोसा राख ।

६. धेरैले सोध्दैछन्, हामीलाई कसले केही असल कुरा देखाउन सक्छ ? हे परमप्रभु, तपाईंका मुहारको ज्योति हामीमाथि प्रकाशित गर्नुहोस् ।

७. तिनीहरूका अन्न र नयाँ दाखमद्यको प्रशस्ततामा हुने आनन्दभन्दा बढी आनन्दले तपाईंले मेरो हृदय भर्नुभएको छ ।

८. शान्तिमा म पल्टिनेछु र निदाउनेछु किनकि हे परमप्रभु, तपाईंले मात्र मलाई सुरक्षित राख्नुहुन्छ ।

## परमेश्वरको उपस्थितिमा तपाईंले शान्ति पाउनुहुनेछ

YOU WILL HAVE BLESSED PEACE IN GOD'S PRESENCE!

बहिनी एन्जलीन

फैलिएर रहनुभएका **बोलावटको प्रतिध्वनिका** परिवारमा हाम्रो प्रभु येशू ख्रीष्टको अमूल्य नाउँमा अभिवादन । ख्रीष्टमा तपाईंको आत्मा समृद्ध हुँदै गर्दा तपाईंमध्ये हरेक जना हरेक तरिकामा निरन्तर समृद्ध हुनुभएको होस् भन्ने मेरो इमानदार प्रार्थना रहेको छ ।



जसै हामीले अन्तर्राष्ट्रिय नारी दिवश यस महिनामा मनाउँदै गर्दा हाम्रा सम्पूर्ण सुन्दर महिला पाठकहरूमा अभिवादन र आशिष् प्रदान गर्न चाहन्छु । तपाईंले सुस्वास्थ्य, नवीकरण भएको शक्ति र प्रशस्त अनुग्रहमा आनन्द गर्नुभएको होस् । परमेशवरको वचनमा देखाइएको बुद्धिमान स्त्री बन्न निरन्तर परमेश्वरले हामीलाई सहायता गर्नुहुनेछ भन्ने मेरो प्रार्थना रहेको छ- महिला जसले आफ्नो घर निर्माण गर्छिन्, आफ्नो परिवारको हेरचाह गर्छिन् र परमप्रभुको प्रेम आवश्यक भएको संसारमा ज्योतिझैं चम्किन्छिन् । हामी बुद्धिमा हिंडौं, सम्मान र शक्तिको पोशाक पहिरौं, हामीले गर्ने सम्पूर्ण कार्यमा ख्रीष्टको सुन्दरता प्रदर्शन गरौं ।

### विश्रामको वरदान: हाम्रो जीवनको निम्ति परमेश्वरको योजना

जब म एकैपटक धेरै काम गर्ने महिलाहरूको बलियो क्षमतामा मनन गर्छु, मेरो विचार मेरी आमा र हजुरआमातिर फर्कन्छ- दुई महत्वपूर्ण महिलाहरू, जसले आफ्नो परिवारहरू र मेरो बुवाको सेवकाइलाई सहायता गर्न थकित भए पनि निरन्तर काम गर्नुभयो, प्रायः विश्राम

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Litt.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

**इमानदारी र सोझोपनले मलाई सुरक्षित राखून् किनकि म तपाईंमा आशा राख्छु** -(भजनसंग्रह २५:२१) ।

प्रभु येशू ख्रीष्टमा प्रिय मित्रहरू

परमेश्वरले अनुग्रहपूर्वक हामीलाई यो वर्ष २०२६ को मार्च महिनामा प्रवेश गर्न सक्षम बनाउनुभएको छ। विगतका महिनाहरू कठिन र चुनौतीपूर्ण भए पनि उहाँको अनुग्रह सधैं हाम्रो निम्ति पर्याप्त छ- अनि यो निरन्तर हुनेछ।




*St. Paul's Matriculation School - Sports Day*

परमप्रभुले हाम्रो स्कुललाई शिक्षकहरू र गैह्रशैक्षिक कर्मचारीहरूको समर्पित समूहको साथमा आशिष् दिनुभएको छ। हामीले सन् २०२६ जनवरी ३० का दिन हाम्रो २८ औं वार्षिक खेलकुद दिवस मनाएका छौं।

डा. प्रेमचन्द हाम्रो मुख्य पाहुना हुनुहुन्थ्यो र पूरै दिन साहसी खेलकुद क्रियाकलापहरूले भरिएको थियो । धेरै अभिभावकहरू पनि आफ्ना छोराछोरीलाई उत्साहित बनाउँदै हामीसँग जोडिनुभयो जसै तिनीहरूले अचम्मको प्रतिभा र अनुशासन देखाएका थिए।

हाम्रो देश र संसारको निम्ति जिम्मेवार नागरिकहरू बनाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति हामी परमेश्वरप्रति कृतज्ञ छौं। अब अप्रिल २०२६ मा राखिएको सरकारी परीक्षाको निम्ति हाम्रा विद्यार्थीहरूले तयारी गरिरहेका छन्। हाम्रो गाउँको अंग्रेजी हाई स्कुल (**सेन्ट पावलस् मेट्रिकुलेसन हाई स्कुल**) को निम्ति अझ धेरै समर्पित शिक्षकहरू र कर्मचारीरूका निम्ति तपाईंले प्रार्थना गरिदिनुभएको होस् भनेर आग्रह गर्दछौं।



*Our main Church Men's Retreat – Joshua Warriors Team*

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

**यहोशू योद्धाहरू** भन्ने व्यानरको अधीनमा हाम्रो मुख्य मण्डलीका पुरुषहरूका निम्ति एकदिने रिट्रिट हामीले आयोजना गरेका थियौं। २६ जनवरी २०२६ बिहान ९ बजेदेखि ५ बजेसम्म भएको यो रिट्रिटमा ७० जना समर्पित पुरुष सहभागी हुनुभएको थियो। सहभागी हुनुभएका माथि परमप्रभुले आफ्नो शक्ति खन्याउनुभएको थियो र हरेक जनाले परमेश्वरबाट विशेष छुवाइ अनुभव गर्नुभएको थियो।

परमप्रभुले सम्बन्धित व्यक्तिहरूलाई आशिष् दिनुभएको थियो र सहभागीहरू सुसमाचारको साथमा भारतलाई जित्ने नवीकरण भएको दर्शन र समर्पणताको साथमा फर्केका थिए।

हामीले चाँडै नै त्यस्तै पारिवारिक क्याम्प आयोजना गर्ने योजना गरिरहेका छौं। कृपया सही समय, स्थान र सम्बन्धित व्यक्तिहरूका सम्बन्धमा परमेश्वरको अगुवाइको निम्ति प्रार्थना गरिदिनुहोला।

## हाम्रा अन्य सेवकाइहरू

**नहेम्याह बाइबल कलेजहरू** र हाम्रा मासिक प्रकाशनहरूका साथमा हाम्रा सबै सेवकाइहरूलाई परमप्रभुले निरन्तर अनुग्रह गर्नुभएको छ।

**नहेम्याह बाइबल कलेजको निम्ति दीक्षान्त समारोह** ४ जुलाई २०२६ को निम्ति आयोजना गरिनेछ। अर्को शैक्षिक सत्रको निम्ति कक्षाहरू जूनको पहिलो हप्तामा सुरु हुनेछ।

हाम्रा कलेजहरूका निम्ति परमप्रभुले समर्पित नयाँ विद्यार्थीहरू पठाउनुहुनेछ भनेर कृपया प्रार्थना गरिदिनुहोला। हामीले यी कुराहरू प्रदान गर्दछौं.

- **ईश्वरशास्त्रमा डिप्लोमा (डिप.टिएच.)**
- **ईश्वरशास्त्रमा स्नातक (बि.टिएच.)**

यी कार्यक्रमहरू तालिम, अंग्रेजी र हिन्दी भाषामा उपलब्ध छन्। हाम्रा समर्पित संकायका सदस्यहरू र प्रशासनिक कर्मचारीहरूका निम्ति प्रार्थना गरिदिन आग्रह पनि गर्दछौं।

मिसन क्षेत्रहरू र प्रशासनिक विभागमा भएका हाम्रा सम्पूर्ण कर्मचारीहरूका निम्ति हामी परमेश्वरलाई धन्यवाद दिन्छौं।

हामी तपाईंको निम्ति निरन्तर प्रार्थना गरिरहेका छौं र हाम्रो सेवकाइका निम्ति तपाईंको प्रार्थना र सहायताको निम्ति आग्रह गर्दछौं।

परमेश्वरको अनुग्रह तपाईं सबैसँग रहोस्।

खीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज,*

इमेल: sam@echoofhiscall.org

*पृष्ठ १ बाट*

नगरी। उहाँहरूको समर्पणताले मलाई यो कुरा महसुस गराएको छ साँच्चै विश्राम वास्तमै महत्वपूर्ण हुन्छ।

मैले मुख्य रूपमा महिलाको बारेमा बोले पनि विश्रामको धारणामा पुरुषले पनि संघर्ष गर्दछन्। काम र घरको जिम्मेवारीको बीचमा रहँदै आफ्नो परिवारलाई खानेकुरा उपलब्ध गर्न उहाँहरूले निरन्तर परिश्रम गर्नुहुन्छ। आजको तीव्र अवस्थामा निरन्तर अघि बढ्ने संसारमा विश्रामचाहिँ कसैले पनि तिर्न नसक्नेजस्तो देखिन्छ। हाम्रा छोराछोरी पनि थकित भएका छन्- विद्यालयको गृहकार्य, अतिरिक्त कक्षाहरू र निरन्तरको परीक्षाहरूको बोझले गर्दा।

तापनि पवित्रशास्त्रले शक्तिशाली सत्यता प्रकट गर्दछ, सृष्टि गरेको छैटौं दिनपछि **परमेश्वर आफैंले सातौं दिन विश्राम गर्नुभयो** (उत्पत्ति २:२)। ब्रम्हाण्डको सृष्टिकर्ताले विश्राम गर्ने छनोट गर्नुभयो भने हामीलाई कति धेरै यो आवश्यक हुन्छ ? तैपनि, हामीमध्ये धेरैले दिनमा धेरै समय नभएको जस्तो महसुस गर्नुहुन्छ। घर, जागिर र सेवकाइको पनि मागहरूले निर्दयी महसुस गराउन सक्छ। मैले प्रायः मानिसहरूले भनेको सुनेको छु, परमेश्वरको निम्ति विश्राम गर्न सजिलो थियो - उहाँ परमेश्वर हुनुहुन्छ। मेरो काम कहिल्यै सिद्धिदैन। यो कुरालाई बुझ्न सकिने भए पनि हामीले यो कुरा सम्झनुपर्छ: हाम्रो मानिसको जीवनशैलीको भागको रूपमा परमेश्वरले विश्राम बनाउनुभयो।

समयसँगै हामी उहाँको योजनाबाट अलग हुँदै गएका छौं। आज हामीले सुताइलाई बिदा गर्छौं, खानेकुराहरूबाट अलग बस्छौं र च्यातिने गरी आफैंलाई कुदाउँछौं- टाउको नभएका चल्लाहरूझैं - जीवनका मागहरूसँगै रहने कोसिस गर्दै। तर परमेश्वरको वचनले हामीलाई उहाँको अनुग्रहको धुनमा फर्काएर बोलाउनुहुन्छ। विश्राम अल्छीपना होइन, यो आज्ञाकारीता हो। यो भरोसाको कार्य हो, जसले भन्दछ, प्रभु, तपाईंमा नियन्त्रण छ भनेर म विश्वास गर्दछु - म रोकिए पनि।

विश्रामको बारेमा बाइबलले के सिकाउँछ र यसलाई अंगाल्न प्रायः हामीले किन संघर्ष गर्छौं भनेर अन्वेषण गरौं। हामीले रोकिन, श्वास लिन र उहाँको उपस्थितिमा नवीकरण प्राप्त गर्न सिकेको होऔं - **किनकि उहाँमा हाम्रा आत्माको निम्ति हामीले साँचो विश्राम पाउँछौं** (मत्ती ११:२८)।


## अत्यन्तै जरुरी सूचना




निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ। तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

# विश्रामको शक्ति:

## १. हाम्रो जीवनको निम्ति विश्राम परमेश्वरको धुन हो ।

**आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिध्याउनुभयो । र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो । अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र बनाउनुभयो...** (उत्पत्ति २:२-३) ।

परमेश्वरले शबाथ वरदानको रूपमा सृष्टि गर्नुभयो । विश्राम आराधनाको कार्य हो - उहाँको नजिक जाने, उहाँको वचन पढ्ने, मनन गर्ने, प्रार्थना गर्ने र उहाँको उपस्थितिमा आनन्द गर्ने पवित्र समय । जब हामी उहाँमा विश्राम गर्छौं, हामी शारीरिक, मानसिक, भावनात्मक र आत्मिक रूपमा नवीकरण हुन्छौं ।

हामीले विश्रामलाई बेवास्ता गर्छौं भने हामी निश्चय नै थकित हुन्छौं । परमेश्वरले विश्रामको उदाहरण देखाउनुभयो किनभने उहाँ थकित हुनुभएको थिएन तर हाम्रो निम्ति पछ्याउन धुन स्थापना गर्नको लागि थियो । विश्राम वैकल्पिक कुरा होइन, यो जीवनको निम्ति परमेश्वरको ईश्वरीय योजनाको भाग हो ।

## २. विश्राम तयारी हो, केवल उपलब्धी होइन

जब विश्रामलाई बेवास्ता गरिन्छ, त्यो व्यावहारिक अभ्यास भन्दा पनि थकाइबाट निको हुने भयानक कोसिस बन्दछ । येशू ख्रीष्टले यो सिद्धान्तलाई स्पष्ट रूपमा बुझ्नुभएको थियो । सेवकाइको मागहरूले उहाँ थकित हुनुभन्दा अघि नै प्रायः उहाँले आफैलाई प्रार्थना गर्न एकान्त स्थानहरूमा लैजानुहुन्थ्यो:

**बिहान उज्यालो हुनभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो र त्यहाँ प्रार्थना गर्नुभयो** (मर्कूस १:३५) ।

**तर येशूचाहिँ निर्जन स्थानहरूमा गएर प्रार्थना गर्नुहुन्थ्यो** (लूका ५:१६) ।

पितासँग येशू ख्रीष्टको समय योजना गरिएको र व्यावहारिक हुन्थ्यो । आत्मिक बल परमेश्वरसँगको नियमित संचारबाट बहन्छ भनेर उहाँलाई थाहा थियो ।

## थकित: बेवास्ता गरिएको मूल्य

विश्रामको कमीले थकानतिर लैजान्छ- आज हामीमध्ये धेरैले यो संघर्षको सामना गरेका छौं । जब हामीले विश्रामको बारेमा परमेश्वरको धुनलाई इन्कार गर्छौं, हामी शारीरिक, भावनात्मक र आत्मिक रूपमा कमजोर बन्छौं । अनि जब हामी थकित हुन्छौं, हामीले परमेश्वरको राज्यमा प्रभावकारी रूपमा सेवा गर्न सक्दैनौं ।

विश्राम स्वार्थ होइन, यो हाम्रो जीवनको भण्डारेपन हो र परमेश्वरले हामीलाई दिनुभएको बोलावट हो । थकान एकै रातमा हुँदैन- जब हामीले गलत प्राथमिकताहरू, गलत पहिचान र गलत समुदायलाई हाम्रो जीवन नियन्त्रण गर्न अनुमति दिन्छौं, त्यो बिस्तारै भित्र पस्छ । ती क्षेत्रहरूका बारेमा हामीले जाँच गरौं र नवीकरणको निम्ति उहाँको योजनामा परमेश्वरले कसरी हामीलाई फिर्ता बोलाउनुहुन्छ भनेर हेरौं ।

### १. गलत प्राथमिकताहरू

जब हामीले सम्हाल्न सक्नेभन्दा धेरै लिन्छौं, तब प्रायः थकान सुरु हुन्छ । हामीले हरेक कुरामा हुन्छ भन्छौं किनभने हरेक थोक महत्वपूर्ण छ जस्तो देखिन्छ । तापनि, बुद्धिले हामीलाई प्राथमिकतामा राख्न सिकाउँछ । नाइँ भन्न सिक्नु भनेको स्वार्थ होइन - यो आवश्यकता हो ।

येशू ख्रीष्टले पनि सन्तुलनको आवश्यकतालाई पहिचान गर्नुभएको थियो:

**उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरू आफै पनि मसँग एकान्त ठाउँमा आओ र केही थकाइ मार । किनकि त्यहाँ आउनेजानेहरू धेरै थिए र उहाँहरूलाई खानसम्म पनि फुर्सद थिएन** (मर्कूस ६:३१) ।

लूका १० अध्यायमा येशू ख्रीष्ट मार्था र मरियमको घरमा भ्रमण गर्नुभएको हामीले देख्छौं । मार्थाले उहाँका चेलाहरूका साथमा उहाँलाई त्यानो स्वागत गरिन् र आफ्ना पाहुनाहरूका निम्ति वास्ता गर्न वास्तमै व्यस्त थिइन् । विश्वासयोग्य रूपमा सेवा गर्नेहरूका निम्ति हामी परमेश्वरलाई धन्यवाद दिन्छौं - मण्डलीमा हाम्रो अस्पतालका समूहहरू । तापनि मार्था व्यस्त र अलमलिएकी थिइन्, जबकि मरियम येशूको गोडामा बस्न र उहाँका कुरा सुन्ने चाहना गरिन् ।

मार्थाले हुन्छ भनेकी थिइन् तर अब तिनी आफ्नो समर्पणताको बोझमुनि संघर्ष गरिरहेकी थिइन् । हामीमध्ये कति जनाले यसलाई आफूसँग मिलेको ठान्नुहुन्छ ? हामीले

बाँकी पृष्ठ ८ मा

**Statement about ownership and other particulars about the Newspaper Echo of His Call (Nepali) - Form IV (See Rule 8)**

| | |
|---|---|
| 1. Place of Publication | : **New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai - 600 005.** |
| 2. Periodicity | : **Monthly** |
| 3. Printer, Editor, Owner & Publisher | : **S. Sam Selva Raj** (Same Address) |
| 4. Nationality | : **Indian** |

I, **S. Sam Selva Raj** hereby declare that the particulars given above are true to the best of my knowledge and belief.

**March 2026** **S. Sam Selva Raj.**

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From March 19, 2026 To April 18, 2026**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

मार्च १९: हाम्रा सम्पूर्ण प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र आग्रह गर्ने साझेदारहरूका साथै उहाँका परिवारहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

मार्च २०: जनवरी २४ मा हाम्रो **नहेम्याह बाइबल कलेजको** निम्ति महाबलीपूरममा संचालन भएको विशेष बैठकमाथि उहाँको अनुग्रही आग्रहको निम्ति ।

मार्च २१: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि उहाँको आशिष्को निम्ति ।

मार्च २२: हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमाथि** उहाँको निरन्तरको निगाहको निम्ति ।

मार्च २३: **सेन्ट. पावलस् मेट्रिकुलेसन स्कुलमाथि** उहाँका आशिष्को निम्ति, विशेष गरी समर्पित ख्रीष्टियान शिक्षकहरू र समर्पित प्रधानाध्यापक दिनुभएको निम्ति ।

मार्च २४: हाम्रा मिसनरी कर्मचारीहरूको स्थिर समर्पणताको निम्ति ।

मार्च २५: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

मार्च २६: विभिन्न सेवकाइहरूबाट सुसमाचार फैलाउनमा हाम्रो सिनियर पास्टरको विश्वासयोग्य समर्पणताको निम्ति ।

मार्च २७: सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई हरेक दुष्ट शक्तिबाट सुरक्षा गर्दै परमेश्वरको सुरक्षाको निम्ति ।

मार्च २८: हाम्रो **बाइबलकोर** (बाइबल पत्राचार कोर्स) र **ईश्वरशास्त्रीय पत्राचार कोर्समाथि** परमेश्वरको आशिष्को निम्ति ।

मार्च २९: राजनैतिक र धार्मिक विरोधका बीच पनि हाम्रा ख्रीष्टियान सेवकाइहरूको वृद्धि र सबलताको निम्ति ।

मार्च ३०: १९६९ देखि विश्वासयोग्यपूर्वक संचालन भएको समाचारपत्र सेवकाइमा हाम्रो निरन्तरको समर्पणतामाथि उहाँको निरन्तर निगाहको निम्ति ।

मार्च ३१: हाम्रो मण्डलीमा अभिषेक भएका नियाँ विश्वासीहरूमाथि ईश्वरीय निगाहको निम्ति ताकि तिनीहरू विश्वास र बुद्धिमा निरन्तर वृद्धि होऊन् ।

अप्रिल १: विगतको महिनामा हाम्रा समपूर्ण आवश्यकता पूरा गर्नमा उहाँको अनुग्रही उपलब्धताको निम्ति ।

अप्रिल २: हाम्रो **नहेम्याह बाइबल कलेजहरूमाथि** उहाँको आशिष्को निम्ति ।

अप्रिल ३: जनवरी २६ मा हाम्रो मुख्य तथा शाखा मण्डलीहरूका सदस्यहरूका निम्ति महाबलीपूरम्मा आयोजना भएको **जोशुवा योद्धाहरू** विशेष दाजुभाइ बैठकहरूमाथि उहाँको आशिष्को निम्ति ।

## कृपया प्रार्थना गरौं...

अप्रिल ४: सम्पूर्ण देशहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति, विशेष गरी विश्वव्यापी कोलाहल र लडाईंको भयको बीचमा शान्ति र स्थिरताको निम्ति प्रार्थना गर्दै ।

अप्रिल ५: सम्पूर्ण मानिसमा आशिष् र लाभको निम्ति हरेक सम्भव तरिकामा हाम्रो सेवकाइहरूको विस्तारको निम्ति ।

अप्रिल ६: पृथ्वीमा उहाँको राज्य निर्माणको निम्ति परमेश्वरले हामीलाई धेरै दर्शन देऊन् ।

अप्रिल ७: संसारभरि रहेका राष्ट्रपति, प्रधानमन्त्री र सम्पूर्ण सरकारी अधिकारीहरूले आफ्नो देशलाई अगुवाइ गर्दा बुद्धि र ईश्वरीय अगुवाइको निम्ति ।

अप्रिल ८: हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरूमा आशिष् र सबलताको निम्ति, जसले हाम्रा सेवकाइहरूलाई आफ्ना प्रार्थना र आर्थिक सहयोगबाट उचाल्नुहुन्छ ।

अफ्रिल ९: भाइरल ज्वरो र नयाँ आइरहेका संक्रमित रोगहरूबाट सबै मानिसहरूलाई सुरक्षाको निम्ति ।

अप्रिल १०: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

अप्रिल ११: संसारभरि रहेका जवान र बालबालिकाहरूले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरून् ।

अप्रिल १२: हरेक देशमा सम्पूर्ण पक्ष र योजनाको क्षेत्रहरूमा एकता, प्रगति र शान्ति आएको होस् ।

अप्रिल १३: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्ग, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू, आग्रह गर्ने साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको अनुग्रहको निम्ति ।

अप्रिल १४: हाम्रा सिनियर पास्टर, रेभ. एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै प्रकारका दुष्टबाट सुरक्षाको निम्ति ।

अप्रिल १५: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूमा** योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

अप्रिल १६: हाम्रो सेवकाइका सम्पूर्ण आर्थिक आवश्यकता पूरा भएको होस् ।

अप्रिल १७: विश्वव्यापी आर्थिकमन्दीको अन्त्य र यसबाट पीडित भएका सम्पूर्णका निम्ति राहतको निम्ति ।

अप्रिल १८: परमेश्वरको अनुग्रह फेरि एक पटक मानिसहरूमाथि खन्याइएको, सान्त्वना र नवीकरण भएको बल ल्याउनुभएको होस् ।

## ख्रीष्टियान छैन - संसार छैन

**आविष्कारकहरू**

| | | |
|---|---|---|
| साइकल | = | म्याक मिलन |
| बाइक | = | जे. डाइलर |
| अटो | = | जोनाथन स्कोबाइ |
| कार | = | कार्ल बेन्ज |
| मोटरकार | = | अस्टिन |
| जीप | = | डब्लु.एम.जेक्सन |
| बस | = | गोल्ड मास |
| हवाइजहाज | = | राइट ब्रोस |
| रेल | = | रिचार्ड ट्रिभिटिक |
| ट्याक्टर | = | जोन फ्रोक्लिक |
| जेसीबी | = | जोसेफ सी बामफोर्ड |
| ब्याटरी | = | ए. वोल्ट |
| इलेक्ट्रिक | = | बेन्जामीन फ्रान्कलिन |
| बल्ब | = | थोमस ए. एडिसन |
| डाइनामो | = | एम फाराडे |
| ग्याँस इन्जिन | = | डाइमर |
| डिजल इन्जिन | = | आर.डिजल |
| वेल्डर | = | इलिस थमसन |
| रेलवे इन्जिन | = | स्टेफन सन |
| एलपिजी ग्याँस | = | डा. वाल्टर डिएस |
| माइक | = | होरेस सर्ट. |
| पेन | = | लुइस वारेम्यांन. |
| आइरन बक्स | = | एचडब्लु सुले |
| सलाइ | = | जोन वाकर |
| क्यामेरा | = | जोन कारबेट |
| डिजिटल क्यामेरा | = | स्टेभान |
| रेजर | = | किंगस् जे जिलेट |
| रबर | = | सी गुड इयर |
| रेफ्रिजेरेटर | = | जेम्स ह्यारीसन, अलेक्जेन्डर किटसिन |
| सेफ्टी पिन | = | वाल्टर हन्ट |
| सिउने मेसिन | = | बारथालोम टाइमोनिभ |
| लेन्स | = | भेनिस (भिन्सी) |
| चस्मा | = | साल्भिनो डि ए |
| टिभी | = | बायरड. जोन लोगी |
| फोन | = | ग्राहामबेल ए |
| कम्प्युटर | = | चार्ल्स बाबेज |
| मोबाइल | = | मार्टिन कुपर |
| एसडी कार्ड | = | रोलड मोरेनो |
| पेन्ट | = | सालिमार |
| स्टिल | = | हेनरी एसपाडिन |
| टायल | = | जर्मन मिसनरीहरू |
| शौचालय | = | थोमस क्रापर |
| पाइन्ट | = | जर्ज ब्रियोन |
| सर्ट | = | ब्रियोन्स |
| जिन्स पाइन्ट | = | जेकब डेभिस |
| ब्रा | = | मरि टुकोक |
| क्रिकेट | = | डब्लुजे ग्रेस |
| भलिबल | = | मोर्गन विलसन |
| फुटबल | = | रोबर्ट केन |
| पेनिसिलिन | = | ए फ्लेमिङ |
| प्लास्टिक सर्जरी | = | आर्चिबाल्ड हेक्टर एम |
| पोलियो | = | जोनास साल्क |
| स्मलपक्स | = | एडवार्ड जेनर |
| एक्सरे | = | विलहेम रान्जेन |
| इन्सुलीन | = | फ्रेड्रिक बान्टिग. चार्ल्स एच बेस्ट |
| क्वीनीन | = | पायरर जोसेफ |
| स्टेन्ट हार्ट | = | जुलियो पाल्माज |
| प्लास्टर | = | पावल बियरसडोर्फ |
| एनेस्थेटिक | = | विलियम मार्टन |
| एन्थ्रोक्स | = | लुइस पास्चर |
| एन्टिसेप्टिक | = | जोसेफ लिस्टर |
| कृत्रिम मुटु | = | डेटन कुली |
| कृत्रिम हिप | = | जोन चार्न्ले |
| छाला | = | जोन एफ. लोअन्निस |
| जन्म नियन्त्रक पिल | = | ग्रेगरी पिनकस, मिन चुर्च |
| रक्त ट्रान्सफ्युजन | = | थोमस ब्लुडेल |
| कन्ट्याक्ट लेन्स | = | एडोल्फ फिक |
| कफ डूप | = | जेम्स स्मिथ |
| सिरिन्ज | = | कोलीन मुर्डक |

यस कुरालाई यहाँ राख्नुको कारण अन्य समुदायको निम्ति ख्रीष्टियान विश्वासले संसारको निम्ति केही पनि नगरेको भन्नेहरूलाई प्रतिक्रिया दिनलाई हो। कसले के गरे र गरेनन् भनेर हरेकले बुझ्नु जरुरी छ।

एउटा व्यक्ति र संसारमा ख्रीष्टको शक्ति देख्न आँखाहरू खोलिऊन्।

************

नहेम्याह साँझको बाइबल कलेज

भर्नाको लागि छिट्टो गर्नुहोस्। चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ

ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology

माध्यम: तामिल (Part Time) Hindi (Residential) (Sponsorship Available)

योग्यता: दश कक्षा र सोभन्दा माथि

विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

Contact : The Chairman, Nehemiah Bible College.

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईले यो कोर्स पूरा गरेपछि तपाईलाई प्रमाणपत्र दिइनेछ। कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/- लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

बिस्तृत जानकारीको लागि:

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## परमेश्वरमाथि भरोसा गर्नेहरूलाई उहाँको अनुग्रहले घेर्दछ

**... परमप्रभुमा भरोसा राख्नेहरूलाई भने अचूक कृपाले घेर्नेछ (भजनसंग्रह ३२:१०) ।**

विभिन्न अनुभवहरू- दुवै असल र खराब- मेरो बाल्यकालदेखि नै मैले सामना गरेका कुराहरूले मलाई निरन्तर सम्झाएको छ कि परमप्रभु सर्वशक्तिमान मसँग हुनुहुन्थ्यो र मेरो जीवनमा केही महान् कुरा पूरा गर्न उहाले तयारी गरिरहनुभएको थियो ।

परमेश्वरको निम्ति मैले गरिरहेको सुसमाचारीय कार्यमा सहायताको लागि म धेरै मानिसहरूकहाँ गएको थिएँ तर मसँग हातेमालो गर्न कोहीले पनि चाहना गरेका थिएनन् । तापनि परमेश्वरको अनुग्रहले मलाई निरन्तर अगाडि बढ्न प्रेरित गरिरहेको थियो । येशू ख्रीष्टको बारेमा मसँग पर्याप्त मात्रामा ज्ञान नभएको वा सेवकाइमा धेरै अनुभव नभए पनि यो संसारमा बोझहरूले थकित भएका मानिसहरूलाई सहायता गर्ने गहन चाहना मैले बोकेको थिएँ ।

मैले ठूलो कठिनाइको साथमा एकर्डियन भन्ने सांगितिक वाद्यवाधन किनें, जसको मूल्य रु. ७५० थियो । त्यो बेलामा मलाई थाहा भएका केही गीतहरू गाउँदै र त्यो वाद्यवादन बजाउँदै चेपकाउ, चेन्नाइमा भएका गरिब छिमेकमा मैले भ्रमण गर्थें । अचम्मको कुरा सोही स्थानमा आज हाम्रो मुख्य मण्डली र कार्यालय अवस्थित छ । दिनको समयमा सरकारी कार्यालयमा काम गर्दै चेपकाउनमा भएका सडकमा प्रचार गर्न पनि म संलग्न थिएँ । मेरा सहकर्मीहरूले मलाई अचम्म मानेर हेर्ने गर्थे र प्रायः मैले प्रचार गरेको सत्यताको बारेमा सुन्न अघि आउँथे ।

अझ अचम्मको कुराचाहिँ कतिपय समयमा जसै मैले सडकहरूमा प्रचार गर्थें, आफ्नो घरभित्र रहेका बिरामी मानिसहरू निको भए र बाहिर निस्केर मेरो छेवैमा बसे । ती समयमा, तिनीहरू मेरो छेवैमा उभिंदा बेहोस हुन्थे र यो कुरालाई हेर्ने मानिसहरू डरले छरपष्ट भएर जान्थे । म पनि अचम्ममा पर्थें । म अझै पनि सम्झन्छु कसरी तिनीहरू (जो बेहोस भएका थिए) ती साँघुरो बाटोमा माछाझैं पडिरहन्थे किनभने मसँग यस्तो सेवकाइमा औपचारिक तालिम वा अनुभव थिएन र अब के गर्ने भन्ने बारेमा अनभिज्ञ भएर म नबोली उभिरहन्थें ।

ती क्षणहरूमा मानिसहरूमाथि हात राख्न र साँचो करुणाको साथमा प्रार्थना गर्न मलाई पवित्र आत्माले डोऱ्याउनुभयो । मैले आज्ञा पालन गरें र मैले प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दा तिनीहरू निको भए र दुष्टका बन्धनबाट छुटकारा पाए । यी सुरुका सामनाले मलाई बलियो बनाएको र परमेश्वरको निम्ति मेरो प्रेमलाई गहन बनाएको थियो ।

आज धेरै वर्षपछि परमेश्वरले हाम्रो मण्डलीमा तीमध्ये केही मानिसहरूलाई आउन सक्षम बनाउनुभएको छ । अहिले केही व्यक्तिहरू सेवकाइमा सक्रिय रूपले संलग्न हुनुहुन्छ । पछि, सोही स्थानमा ठूलो क्रुसेड आयोजना गर्न परमप्रभुले मलाई सहायता गर्नुभयो, जहाँ उहाँले शक्तिशाली आश्चर्यकर्म गर्नुभएको थियो । अहिले पनि परमेश्वरले मलाई बिरामी वा अपांग भएका मानिसहरूलाई निको पार्न र अन्धकारका शक्तिले लामो समयदेखि कैदमा पारेकाहरूलाई छुटकारा दिन निरन्तर चलाउनुभएको छ ।

केही वर्षअघि चेन्नाइ नजिकै कानचीपूरममा त्यस्तै प्रकारको खुल्ला बैठक आयोजना गर्न परमेश्वरले मलाई सहायता गर्नुभयो । त्यो पूरै क्षेत्रमा सुसमाचार प्रचार गर्न परमप्रभुले मलाई सक्षम बनाउनुभयो । मैले एक पटक पहिले सेवकाइ गरेका ती साना स्थानहरू सम्झना उहाँले मलाई लगाउनुभएको छ र अहिले ठूलो स्तरमा सेवा गर्ने अवसर उहाँले मलाई दिनुभएको छ । उहाँको पवित्र नाउँलाई महिमा भएको होस् ।

*************

पृष्ठ ४ बाट

असल विचारको साथमा हुन्छ भन्छौं, पछि तनावग्रस्त र थकित भएको महसुस गर्छौं ।

येशू ख्रीष्टले भद्रताको साथमा तिनलाई सुधार गर्नुभयो:

**तर येशूले जवाफ दिएर तिनलाई भन्नुभयो, मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ र व्याकुल हुन्छ्यौ । तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो तिनीबाट खोसिनेछैन** (लूका १०:४१-४२) ।

मार्थाको प्राथमिकताहरू गलत थिए र परिणाम थकाइ थियो । साँचो कुराहरूलाई छनोट गर्दै सन् २०२६ मा बुद्धिमानीपूर्वक प्राथमिमकताहरू छान्न परमप्रभुले हामीलाई सहायता गरून् ताकि हामी थकाइबाट बच्न सकौं ।

## २. गलत पहिचान

हामी को हौं, हामीले के गर्ने भन्ने बारेमा जब हामी अन्योलमा पर्छौं, तब प्रायः थकान आउँछ । काम हाम्रो महत्व बन्छ र सेवकाइ हाम्रो मापन बन्छ । हामीले हाम्रा कामका समयले भर्छौं, सफलताको पछि दगुर्छौं र कहिलेकाहीं अरूसँग पनि प्रतिस्पर्धा गर्छौं । तर हाम्रो मूल्य उपलब्धीहरूबाट आउँदैन - वर्षको निम्ति मेरो प्रार्थना यही हो कि हरेक

हाम्रो पहिचान धनसम्पत्ति, पद वा संसारका मापदण्डहरूमा पाइँदैन । हाम्रो पहिचान ख्रीष्टमा मात्रै हुन्छ ।

**मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ** (फिलिप्पी ४:१९) ।

काम महत्वपूर्ण छ तर परमेश्वरसँग हाम्रो संगतिको मूल्यमा कहिल्यै हुनुहुँदैन । कुनै पनि मूल्यमा मण्डली वा ख्रीष्टियान संगतिलाई बेवास्ता नगर्नुहोस् ।

**मोशाले यो पाठ कठिन तरिकामा सिके । नेतृत्वको मागबाट थकाइएर तिनले एक्लै बोझ बोक्ने कोसिस गरे - जबसम्म तिनका ससुरा यित्रोले त्यसलाई हस्तान्तरण गर्न सल्लाह दिएनन्** (प्रस्थान १८) । हस्तान्तरण र तालिम महत्वपूर्ण छन् । हरेक थोक हामी आफैँले गर्न हामीलाई बोलाइएको होइन ।

प्रिय मित्रहरू, परमेश्वरले हामीलाई दौडन बोलाउनुभएको दौडको निम्ति उहाँले हामीलाई अनुग्रह दिनुहुन्छ । तपाईंले थकित वा थाकेको महसुस गर्नुहुन्छ भने आफैँलाई सोध्नुहोस् के परमेश्वरले साँच्चै यो कुरा बोक्न मलाई भन्नुभएको छ ? परमेश्वरले कहिल्यै पनि नचाहनुभएको बोझ हामीले बोक्दा प्रायः थकाइ आउँछ - विशेष गरी एक्लै ।

## ३. गलत समुदाय वा सम्पर्क

परमेश्वरले हामी एक्लै जिएको कहिल्यै चाहनुभएको छैन । सुरुवातदेखि नै उहाँले संगतिको लागि हामीलाई बनाउनुभयो - उहाँसँग र एकअर्कासँग । जब सम्पर्क गुम्छ, त्यसले चिन्ता, तनाव र गहन भावनात्मक संघर्षतिर लैजान सक्छ ।

सही मानिसबाट, सही स्थानमा र सही समयबाट अलग हुँदा प्रायः थकान बाहिर आउँछ ।

**लोतले सदोममा बसोबास गर्ने छनोट गरे किनकि त्यहाँको जमिन उर्वर र समृद्ध देखिन्थ्यो** (उत्पत्ति १३:१०) । **त्यहाँका मानिसहरूको दुष्टतालाई ध्यान दिन तिनी असफल भएका थिए** (पद १३) । गलत समुदायमा बस्ने तिनको छनोटले विनाशकारी परिणामतिर लगेको थियो - नोक्सानी, तोडिएको हृदय र तोडिएको सम्बन्ध ।

एक्लै नहिँड्नुहोस् । तपाईंको मण्डली परिवारसँग सम्पर्कमा रहनुहोस् । तपाईंको विश्वास बलियो बनाउने सम्बन्ध निर्माण गर्नुहोस् । परमेश्वरको बारेमा कुराकानी गर्नुहोस् - कुरा काट्ने होइन ।

के थकाइ पाप हो ?

थकित भएको महसुस गर्नु पाप होइन । ठूलो विजयपछि एलिया पनि थकित भएका थिए र पुकारा गरे: **...मैले पूरै भोगिसकें, प्रभु...** (१ राजा १९:४) । परमेश्वरले एलियालाई दोष्याउनुभएन - उहाँले तिनको सामना गर्नुभयो, तिनलाई खुवाउनुभयो र विश्राम गर्न अनुमति दिनुभयो ।

परमेश्वरले आज हामीलाई त्यही कुरा भन्नुहुन्छ

**हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु** (मत्ती ११:२८) ।

उहाँको गोडामा बस्नुहोस् । उहाँको उपस्थितिमा विश्राम गर्नुहोस् । उहाँले तपाईंको शक्ति नवीकरण गर्नुहुनेछ ।

विश्रामको बारेमा परमेश्वरको प्रतिज्ञा ... **मेरो उपस्थिति तँसँग जानेछ र म तँलाई विश्राम दिनेछु** (प्रस्थान ३३:१४) ।

येशू ख्रीष्टले साँचो विश्रामको प्रतिज्ञा गर्नुहुन्छ **मकहाँ आओ... मेरो जुवा लेओ र मेरो जुवा हलुको छ** (मत्ती ११:२८,३०) ।

## पत्रुसले हामीलाई सम्झना दिलाउँछन्:

**आफ्ना सम्पूर्ण फिक्री उहाँमा राखिदेओ किनभने उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ** (१ पत्रुस ५:७) । मलाई राखिदेओ भन्ने शब्द म पर्छ किनभने त्यसको अर्थ फालिदिनु भन्ने हुन्छ - आफैँले त्यो बोक्न बन्द गर्नु । अनि येशू ख्रीष्टले फेरि हामीलाई प्रेमिलो रूपमा बोलाउनुहुन्छ

**...शान्त स्थानमा मकहाँ आओ र केही बेर विश्राम गर** (मर्कूस ६:३१) ।

येशू ख्रीष्ट शान्तिको राजकुमार येशू ख्रीष्ट यस संसारमा क्रूसमा हाम्रो निम्ति मर्न आउनुभयो र बौरिउठ्नुभयो ताकि हामी शान्तिमा जिउन र उहाँको विश्राममा आनन्द गर्न सकौं । आजै उहाँमाथि भरोसा किन नगर्ने ?

## अन्तिम सम्झना

*येशू कस्तो प्यारो मित्र पापको भार उठाउनुभो*
*दुःख सुख ईश्वरकहाँ ल्याउनु, हामीलाई वरदान कस्तो*
*कति शान्ति सुख गुमाउँछौं, कति दुःख छ व्यर्थैमा*
*कारण ईश्वरकहाँ हामी सब ल्याउँदैनौं प्रार्थनामा*



**... मेरो उपस्थिति तँसँग जानेछ र म तँलाई विश्राम दिनेछु** (प्रस्थान ३३:१४) ।

तपाईंभन्दा अघि परमेश्वरको उपस्थिति गएको होस् - तपाईंलाई विश्राम दिन ।

येशूमा भरोसा गर्नुहोस् ।

हरेक थोक परमेश्वरकहाँ लैजानुहोस् ।

उहाँसँग कुराकानी गर्नुहोस् ।

उहाँले दिनुहुने सित्तैको विश्राम लिनुहोस् ।

************

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th MARCH 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**